# नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिस समितिको कार्यविधि, २०८३

(समितिबाट स्वीकृत मितिः २०८३/४/२७)

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिस समितिको सचिवालय,

सिंहदरवार, काठमाडौं ।

कृषि, वन तथा पर्यावरण मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८३।४।२१ को निर्णय बमोजिम नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्न गठित सिफारिस समितिको कार्य सम्पादन गर्नका लागि "कृषि, वन तथा पर्यावरण मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०८३" को दफा ८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी समितिले यो कार्यविधि जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>

(१) यो कार्यविधिको नाम "**नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिस समितिको कार्यविधि, २०८३**" रहेको छ ।

(२) यो कार्यविधि सिफारिस समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(१) "**ऐन**" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ (संशोधन सहित) सम्झनु पर्छ।

(२) "**कार्यविधि**" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिस समितिको कार्यविधि, २०८३ सम्झनु पर्छ।

(३) "**मापदण्ड**" भन्नाले "कृषि, वन तथा पर्यावरण मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०८३" सम्झनु पर्छ।

(४) "**परिषद्**" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् सम्झनु पर्छ।

(५) "**मन्त्रालय**" भन्नाले कृषि, वन तथा पर्यावरण मन्त्रालय सम्झनु पर्छ।

(६) "**समिति**" भन्नाले ऐनको दफा १३ को उपदफा (२) बमोजिम कृषि, वन तथा पर्यावरण मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८३।४।२१ को निर्णय बमोजिम गठित सिफारिस समिति सम्झनु पर्नेछ ।

(७) "**संयोजक**" भन्नाले समितिको संयोजक सम्झनु पर्छ।

(८) "**सदस्य**" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

३. **समितिको सचिवालय:**

(१) समितिको सचिवालय कृषि, वन तथा पर्यावरण मन्त्रालयमा रहनेछ ।

(२) कृषि, वन तथा पर्यावरण मन्त्रालयको प्रशासन महाशाखा प्रमुखलाई समितिको व्यवस्थापकीय कार्यको जिम्मेवारी दिईनेछ ।

(३) सचिवालयको कार्य तथा समन्वय मन्त्रालयको कर्मचारी प्रशासन शाखाको बोर्ड/संस्थान डेस्कले गर्नेछ।

४. <u>समितिको बैठक सम्बन्धी व्यवस्था:</u>

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकद्वारा तोकिएको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति स्वयंले तय गर्नेछ ।

(४) समितिले आवश्यकता अनुसार बैठकमा विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

५. <u>सार्वजनिक सूचना मार्फत आवेदन आह्वान गर्ने, दरखास्त खोल्ने र स्वीकृत नामावली प्रकाशन गर्ने:</u>

(१) समितिले नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक पदमा नियुक्तिको निमित्त ऐनको दफा १३ अन्तर्गत निर्धारित योग्यताको आधारमा र मापदण्डको दफा १० बमोजिम पन्ध्र दिनको समयसीमा प्रदान गरी सार्वजनिक सूचना प्रकाशनद्वारा आवेदन आह्वान गर्नेछ।

(२) सूचना/आवेदन आह्वानको ढाँचा अनुसूची-१ र अनुसूची-१क. बमोजिम हुनेछ। अनुसूची-१ बमोजिमको संक्षिप्त सूचना राष्ट्रिय दैनिक पत्रिकामा र अनुसूची-१क. बमोजिमको विस्तृत सूचना मन्त्रालय र नेपाल कृषि अनुसन्धान परिषद्को वेभसाईटमा प्रकाशन गरिनेछ ।

(३) दरखास्त दस्तुर रु. ३०००/- (अक्षरुपी रु. तीन हजार मात्र) हुनेछ।

(४) आवेदकले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन/दरखास्त पेश गर्नुपर्नेछ। साथै देहायका कागजातहरु आवेदक स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी **आवेदनका साथ संलग्न गरी** सूचनामा तोकिएको समयभित्र समितिको सचिवालयमा पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने अन्तिम दिन बिदा परेमा कार्यालय खुलेको दिनको कार्यालय समय भित्र पेश गर्न सकिनेछ।

(क) **परिषद्लाई किसानमैत्री एवं उत्कृष्ट कृषि, पशु र मत्स्य अनुसन्धान केन्द्रको रुपमा रुपान्तरण तथा बिकास** गर्न आवेदकले पाँच हजार शब्दमा नबढाई तयार पारिएको व्यावसायिक कार्ययोजना (Strategic Vision and Business Plan) को दुई प्रति राखिएको शिलबन्दी खाम। व्यावसायिक कार्ययोजनाको Cover Page को ढाँचा अनुसूची-३ बमोजिम हुनेछ।

(ख) आवेदकले प्रकाशन गरेका कृषि अनुसन्धान सम्बन्धी कृतिहरुको विवरण तथा प्रकाशनको प्रमाणहरु समेतको बन्दी खाम।

(ग) वैयक्तिक विवरण (CV) बढिमा ५ पृष्ठ सम्मको।

(घ) एस.एल.सी. देखि माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि।

(ङ) कम्तिमा वरिष्ठ वैज्ञानिकका रुपमा परिषद्मा सेवारत रहेको प्रमाणित हुने र हालसम्मको कार्य अनुभव खुल्ने गरी परिषद्बाट जारी गरिएको कागजातको प्रतिलिपि।

(च) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि।

(छ) कागजात पेश गर्दा खाम "क" भित्र (रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजनाको Hard Copy र सोको Electronic Copy भएको Pen Drive), खाम "ख" भित्र (कृषि अनुसन्धान सम्बन्धी कृतिहरु) र खाम "ग" भित्र (सूचनामा तोकिएका अन्य कागजात) राखी तीनवटै खामलाई मूल खाम भित्र राखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

(ज) सिलबन्दी गरिएको मूल खाममा आवेदकको नाम थर, सम्पर्क टेलिफोन/मोबाइल नम्बर तथा इ-मेल सहित नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशकको लागि दरखास्त विवरण खुलाउनु पर्नेछ।

(झ) तोकिएको म्यादभित्र प्राप्त हुन आएका दरखास्तहरु, दरखास्त दिने अन्तिम मिति पश्चात समितिले तोकेको मितिमा मुचुल्का गरी खोल्नेछ।

(ञ) मापदण्डको दफा ११ बमोजिम दरखास्त दिने म्याद भित्र प्राप्त दरखास्तहरू उपर छानविन गरी तोकिए बमोजिमको योग्यता र अनुभव पुगेका, रितपूर्वक आवेदन दिएका उम्मेद्वारहरूको दरखास्त फाराम स्वीकृत भएको नामावली मन्त्रालयको Website मा प्रकाशन गरिनेछ। स्वीकृत नामावलीमा समावेश भएका उम्मेदवारलाई मात्र थप मूल्याङ्कनका चरणहरुमा सहभागी गराइनेछ।

(ट) अनुसूची-४ बमोजिमको स्वघोषणा।

६. मूल्याङ्कनका आधारहरु:

(१) समितिले ऐनको दफा १३ को उपदफा (३) र (४) तथा मापदण्डको दफा १२ र अनुसूची-३ बमोजिम कूल १०० पूर्णाङ्कलाई देहाय अनुसार मूल्याङ्कनका आधारहरुमा अङ्क विभाजन गरिएकोछः-

| क.सं. | मूल्याङ्कनको आधार | अङ्क |
|---|---|---|
| १. | **शैक्षिक योग्यता मूल्याङ्कनको आधार** | २० |
| | (क) न्यूनतम शैक्षिक योग्यता वापत | १५ |
| | (ख) अतिरिक्त शैक्षिक योग्यता वापत | ५ |
| २. | **अनुभव मूल्याङ्कनको आधार** | १० |
| | (क) न्यूनतम अनुभव वापत | ५ |
| | (ख) प्रत्येक वर्षको थप अनुभव वापत प्रतिवर्ष एक अङ्कको दरले बढिमा | ५ |
| ३. | **व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधार** | २५ |
| | (क) अवधारणागत स्पष्टता | १० |
| | (ख) सही सूचना र विश्लेषण | ४ |
| | (ग) समस्याको पहिचान र सुधारका लागि सुझाव | ८ |
| | (घ) लेखन शैली | ३ |
| ४. | **व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार** | २५ |
| | (क) अवधारणागत स्पष्टता | ७ |
| | (ख) प्रस्तुतीकरण शैली | ५ |
| | (ग) विषय वस्तुको विश्लेषण गर्न सक्ने क्षमता | ५ |
| | (घ) आत्मविश्वास | ५ |
| | (ङ) समयको व्यवस्थापन | ३ |
| ५. | अन्तर्वार्ता | २० |
| कूल पूर्णाङ्क | | १०० |

७. **मूल्याङ्कनका मापदण्ड तथा प्रष्टीकरण:**

**(क) शैक्षिक योग्यता**

(१) न्यूनतम शैक्षिक योग्यता भन्नाले कृषि सम्बन्धी बिषयमा स्नातकोत्तर उपाधी जनाउँनेछ ।

(२) अतिरिक्त शैक्षिक योग्यता भन्नाले विद्यावारिधी (Ph.D.) उपाधी जनाउँनेछ ।

(३) स्वदेशी विश्वविद्यालयबाट अध्ययन समाप्त भइसकेको तर मूल प्रमाणपत्र प्राप्त नभएको अवस्थामा मूल प्रमाणपत्रको सट्टा शैक्षिक योग्यताको लब्धाङ्क पत्र सहितको Provisional Certificate दरखास्त साथ पेश गर्नु पर्नेछ।

(४) विदेशी शिक्षणसंस्थाहरुबाट प्राप्त शैक्षिक योग्यताहरुको हकमा समकक्षताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) अनुभवको मूल्याङ्कन:

(१) कार्य अनुभवको मूल्याङ्न गर्ने प्रयोजनका लागि कृषि सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान कार्यको कम्तीमा दश बर्षको अनुभव भएको हुनुपर्नेछ ।

(२) दरखास्त दिने उम्मेदवारले आफू कार्यरत संस्था वा निकायबाट पद/तह/श्रेणी खुलेको सम्बन्धित निकायको अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी कार्य अनुभवको प्रमाण पेश गर्नुपर्नेछ ।

(३) दरखास्त दिने अन्तिम दिनसम्म दश बर्ष भन्दा कम अवधिको अनुभव भएका उम्मेदवारको दरखास्त फाराम स्वीकृत गरिने छैन ।

**(ग) रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन:**

(१ उम्मेदवारले शिलबन्दी गरी पेश गरेको रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजना (Strategic Vision and Business Plan) को कभर पेजमा उम्मेदवारको नाम थर (पहिचान) गोप्य रहने गरी फरक फरक प्रथम र दोस्रो कोड/संकेत चिन्ह राखिनेछ।

(२) दोस्रो कोड संकेत कायम गरिएको रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजनाको परीक्षण समितिले तोकेका **दुई जना विज्ञ**बाट गराईने छ।

(३) विज्ञबाट परीक्षण/मूल्याङ्कन भई प्राप्त हुन आएको रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्क सबै उम्मेदवारहरूको अन्तरवार्ता सम्पन्न भए पश्चात मात्र **डि-कोडीङ्ग** गरी मूल्याङ्कन फाराममा प्रविष्ट गरिनेछ।

(४) दुवै जना विज्ञवाट रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजना मूल्याङ्कन वापत उम्मेदवारले प्राप्त गरेको अङ्कबाट औसत अङ्क निकाली मूल्याङ्कनको प्राप्ताङ्क कायम गरिनेछ।

**(घ) रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार:**

(१) उम्मेदवार आफूले पेश गरेको रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजनाको Power Point को प्रस्तुतीकरण (Presentation) गर्नु पर्नेछ।

(२) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण (Presentation) को मूल्याङ्कन समितिका सदस्य र **समितिले आमन्त्रण गरेको एक जना विज्ञबाट हुनेछ।**

(३) कार्ययोजना प्रस्तुतीकरण (Presentation) को समय २० (बीस) मिनेट हुनेछ ।

(४) रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण (Presentation) को मूल्याङ्कन वापत प्रत्येक विशेषज्ञले उम्मेदवारलाई प्रदान गरेको अङ्कको औसत निकाली अन्तिम प्राप्ताङ्क कायम गरिनेछ।

(ङ) अन्तरवार्ता:

(१) अन्तरवार्ताको मूल्याङ्कन समितिका सदस्यहरु र समितिले आमन्त्रण गरेको **एक जना विज्ञबाट** हुनेछ।

(२) अन्तरवार्ताको अङ्क प्रदान गर्दा अधिकतम सत्तरी प्रतिशत भन्दा माथि र न्यूनतम चालीस प्रतिशतभन्दा कम अङ्क प्रदान गर्दा उचित कारण खुलाउनु पर्नेछ ।

(३) अन्तरवार्ताको मूल्याङ्कन अन्तरवार्ताकारहरूले उम्मेदवारलाई प्रदान गरेको अङ्कको औषत निकाली अन्तिम प्राप्ताङ्क कायम गरिनेछ।

(च) मूल्याङ्कन फारामहरू:

(१) समितिले आवश्यकता अनुसार उम्मेदवारहरूको परीक्षण/मूल्याङ्कनको अङ्क प्रदान गर्ने मूल्याङ्कन फारामहरू तयार गर्नेछ ।

८. विवरण माग गर्ने:

मूल्याङ्कन प्रयोजनका लागि समितिले आवेदकहरुको सेवा अवधि तथा अन्य आवश्यक विवरणहरु परिषद्बाट माग गर्न सक्नेछ । यसरी माग गरिएका विवरण परिषद्ले समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

९. प्रचलित कानून बमोजिम हुने:

यस कार्यविधिमा उल्लेख भएका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. सिफारिस सम्बन्धी व्यवस्था:

(१) समितिले सिफारिसका लागि दफा ६ बमोजिमका आधारहरु बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ३ जनालाई वर्णानुक्रमका आधारमा नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) योग्यताक्रम निर्धारण गर्दा कुनै उम्मेदवारहरुको प्राप्ताङ्क बराबर भएमा परिषद्को सेवा अवधिको जेष्ठतालाई आधार मानिने छ ।

११. समितिको खर्च सम्बन्धी व्यवस्था:

(१) समितिका सदस्यहरु, विज्ञहरु तथा बैठकमा सहभागी कर्मचारीहरुको पारिश्रमिक, दैनिक भ्रमण भत्ता, यातायात खर्च, बैठक भत्ता, खाजा खर्च, सचिवालयका कर्मचारीहरुले अतिरिक्त समयमा काम गरेवापत प्रदान गरिने पारिश्रमिक लगायतका खर्च परिषद्को नियमानुसार संयोजकको सिफारिसमा परिषद्बाट भुक्तानी हुनेछ ।

(२) सचिवालय तथा समितिको मसलन्दको व्यवस्थापन परिषद्बाट हुनेछ ।

१२. कागजात सुरक्षित राखिने:

छनौट प्रकृया सम्बन्धी सम्पूर्ण कागजात सिलवन्दी गरी मन्त्रालयमा सुरक्षित राखिने छ ।

१३. निर्णय गर्ने अधिकार समितिमा रहने:

छनौट सम्बन्धी प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएको अवस्थामा त्यस्तो विषयलाई स्पष्ट पार्ने तथा निर्णय गर्ने सम्पूर्ण अधिकार समितिमा निहित रहनेछ।

अनुसूची -१
(दफा ५ (२) सँग सम्वन्धित)

**Government of Nepal**
**Ministry of Agriculture, Forests and Environment**
**Singha Darbar, Kathmandu**

## VACANCY ANNOUNCEMENT
**Position: Executive Director**
**Nepal Agricultural Research Council (NARC)**
**Publication Date: 2083/4/..**

The Government of Nepal, through the Ministry of Agriculture, Forests and Environment, hereby invites qualified candidates to submit application for the position of Executive Director of the NARC. Prospective candidates are requested to submit all pertinent documents within fifteen (15) days from the initial publication date of this announcement. If the deadline of application falls on a public holiday, the application can be submitted on the next day within office hour.

| Advertisement No. | Name of Agency | Position |
|---|---|---|
| 01/2083/84 | Nepal Agricultural Research Council | Executive Director |

**Notice**: Advertisement details can be downloaded from:

1. Website of the Ministry of Agriculture, Forests and Environment (www.moafe.gov.np).
2. Website of the Nepal Agricultural Research Council (https://narc.gov.np/)
3. For any queries candidates are requested to contact Board/Corporation desk of Ministry of Agriculture, Forests and Environment.

अनुसूची १क.

(दफा ५ (२) सँग सम्बन्धित)

**Government of Nepal**
**Ministry of Agriculture, Forests and Environment**
**Singha Darbar, Kathmandu**

**VACANCY ANNOUNCEMENT**
**Position: Executive Director**
**Nepal Agricultural Research Council (NARC)**
**Publication Date: 2083/4/.....**

The Government of Nepal, through the Ministry of Agriculture, Forests and Environment, hereby invites qualified candidates to submit application for the position of Executive Director of the NARC. Prospective candidates are requested to submit all pertinent documents within fifteen (15) days from the initial publication date of this announcement. If the deadline of application falls on a public holiday, the application can be submitted on the next day within office hour.

| Advertisement No. | Name of Agency | Position |
|---|---|---|
| 01/2083/84 | Nepal Agricultural Research Council | Executive Director |

**1. Executive Functions and Responsibilities:**

The functions and responsibilities of Executive Director shall be in accordance with Nepal Agricultural Research Council Act, 2048 (with amendments) and its accompanying regulations, serving as the primary administrative and research authority of this esteemed national institution.

**2. Candidate Eligibility:**

Qualified applicants must fulfill the following professional criteria:

- Possess a minimum of a Master's Degree in a relevant discipline of agricultural and allied sciences from an academic institution formally recognized by the Government of Nepal.
- Currently hold the position of Senior Scientist (designated as S3 or above position) within any agricultural and allied science division under the purview of NARC.
- Demonstrate a distinguished career trajectory with a minimum of ten (10) years of substantive experience in agricultural research.
- Proof of research publications in agriculture and allied sciences.

**3. Application Submission:**

Applicants must submit the following documents in a sealed and signed envelope:

- **Completed Application Form**: Clearly filled out with all required information.
- **Business Plan (Two sets of hard copies):**
  - A comprehensive Strategic Vision and Business Plan (maximum 5,000 words) Presenting original, innovative, and realistic (farmer friendly) strategies for transforming NARC into an excellent agricultural, livestock and fisheries research organization.
  - Should demonstrate how NARC will contribute to the national vision of "Food Security, commercialization and sustainable agriculture".

- Must address, but is not limited to Agricultural research in Nepal: Current status and future scenarios (including pandemic impacts, climate change, federalism and natural resource utilization).
- SWOT analysis of NARC.
- Collaboration with national/international agriculture research institution.
- Key problems/challenges in NARC's agricultural research and proposed solutions.

➢ **Research Publications:** Self-attested copies of scientific research publications related to agricultural or allied sciences.

➢ **Academic Credentials:** Self-attested copies of all academic qualifications mentioned in CV.

➢ **Employment Verification:** Official proof of employment at NARC including service period, position and class endorsed by NARC.

➢ **Electronic Presentation:** Time duration of PowerPoint Presentation based on Strategic Vision and Business Plan will be maximum 20 minutes.

➢ Date and venue of Presentation will be informed later.

➢ Applicants must submit their electronic presentation on a pen drive to the Board/Corporation Desk one hour before their presentation scheduled time.

**4. Application Submission Instructions**

➢ **Submission Address:** The Board/Corporation Desk of Administration Section, Ministry of Agriculture, Forests and Environment, Singha Durbar, Kathmandu, Nepal.

➢ **Document Organization:**

- All documents must be submitted in a main sealed envelope.
- Within the main envelope, include 3 separate sealed envelopes.
- Hard copies (two sets) and a pen drive (containing electronic copies) of Strategic Vision and Business Plan (clearly labeled).
- Publications (clearly labeled).
- Remaining documents (clearly labeled).

**6. Certificate Requirements:**

- Equivalence certificates for degrees from foreign academic institutions must be submitted along with application.
- Candidates who have completed their study from Nepalese universities but have not received the original transcript should submit provisional certificates and mark sheets along with application.
- Documents received after the deadline will not be entertained.

**7. Application Fee:** NRS 3,000 (Three thousand only) must be deposited in Rastriya Banijya Bank Ltd, Revenue Account Number: 1000100200010000, Office Code No.: 312003501, Revenue Title No.: 14224. The original deposit voucher must be submitted along with the application.

**8. Application Form:** Available at the concerned desk of Ministry of Agriculture, Forests and Environment. Can also be downloaded from www.moafe.gov.np

| आवेदकको हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

अनुसूची-२

(दफा ५ (४) सँग सम्बन्धित)

आवेदकले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

**आवेदन/दरखास्तको ढाँचा**

कृषि, वन तथा पर्यावरण मन्त्रालयसम्बद्ध नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक पदमा नियुक्ति भई सेवा गर्ने ईच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु । सो पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति भएको अवस्थामा प्रचलित कानून बमोजिम ईमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

१. **नियुक्त हुन चाहेको सार्वजनिक निकायको नामः .....................**

२. **नियुक्त हुन चाहेको पदः ..........................**

३. **प्रतिवद्धता पेश गर्ने व्यक्तिको**

(क) व्यक्तिगत विवरणः

नाम थर, देवनागरीमाः

नाम थर, अंग्रेजीमाः (In block letter)

नागरिकता नं. र नागरिकता जारी जिल्लाः

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः सम्पर्क नं.: ईमेलः

(ख) शैक्षिक योग्यताको विवरणः (सबैभन्दा माथिल्लो उपाधि पहिला उल्लेख गर्ने)

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण गरेको वर्ष | मुख्य विषयहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

(ग) अनुभवः

| क्र.सं. | पद | कार्यरत संस्था र जिम्मेवारी | कार्यरत अवधि | | सेवा अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि (dd/mm/yy) | सम्म(dd/mm/yy) | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| जम्मा सेवा अवधिः | | | | | | |

(ग) कृति प्रकाशन

| क.सं. | कृतिको शिर्षक | जर्नलको नाम र प्रकाशित बर्ष | जर्नलको किसिम<br>राष्ट्रिय/अन्तराष्ट्रिय | एकल/संयुक्त | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

नोटः राष्ट्रिय अथवा अन्तराष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानमूलक लेख वा प्रोसिडिङ दुवैलाई कृतिको मान्यता दिइने छ । सर्भेक्षण प्रतिवेदन (Survey and Surveillance Report) लाई मान्यता दिईने छैन ।

(ङ) संलग्न कागजात तथा विवरणः

(१) नागरिकताको प्रतिलिपि।
(२) व्यक्तिगत विवरण (Curriculum Vitae)।
(३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपी (एस.एल.सी र त्यसभन्दा माथिको)।
(४) अनुभव तथा परिषद्को सेवामा कार्यरत रहेको अवधि खुल्ने गरी परिषद्बाट जारी गरिएको कागजातको प्रतिलिपि,
(५) रणनीतिक दृष्टिकोण तथा व्यावसायिक कार्ययोजना (Strategic vision and Business plan) (पाँच हजार शव्दमा नबढाइ) २ प्रति तथा सो कार्ययोजना समावेश भएको पेन ड्राइभ।
(६) कृषि, पशु वा मत्स्य विज्ञानको क्षेत्र सँग सम्बन्धित बिषयमा प्रकाशित अनुसन्धान कृतिहरुको विवरण।
(७) अनुसूची-४ बमोजिमको स्वघोषणा।
(८) अन्य आवश्यक कागजात।

माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| औंठाको छाप | |
|---|---|
| | |
| दायाँ | बाँया |

दस्तखतः ................................

मितिः २०......../........../.........

अनुसूची-३

कार्यविधिको दफा ५ को उपदफा (४) को खण्ड (क) सँग सम्बन्धित)

## व्यावसायिक कार्ययोजनाको कभरपृष्ठको ढाँचा

| | |
|---|---|
| (समितिले भर्ने)<br>पहिलो कोड नं.<br>दोस्रो कोड नं.<br>विज्ञापन नं.:<br>पदः | (समितिले भर्ने)<br>पहिलो कोड नं. |
| (समितिले भर्ने)<br>दोश्रो कोड नं.<br>विज्ञापन नं.:<br>पदः | (आवेदकले भर्ने)<br>विज्ञापन नं.:<br>पदः<br>नाम थरः<br>स्थायी ठेगानाः<br>सम्पर्क नं/Email: |

अनुसूची-४

(कार्यविधीको दफा ५ सँग सम्बन्धित)

# स्वघोषणापत्र

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ........................................................................................... को ................................ पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

१. नाम, थर (नेपालीमा):

**Name (In English)** :

२. जन्म मितिः वि.सं.: इ.सं.:

३. स्थायी ठेगानाः

हालको ठेगानाः

४. नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.:

जारी मिति र जिल्लाः

५. सम्पर्क नं.:

६. इमेलः

७. शैक्षिक योग्यता र सङ्कायः

८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

१०. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

११. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

१२. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१४. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेशागत वा व्यवसायिक रुपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन्।

१५. मैले पेश गरेका शैक्षिक योग्यता, नागरिकता, अनुभवलगायतका सबै कागजातहरु सक्कलबमोजिमका छायाप्रतिहरु हुन् । साथै, मैले पेश गरेको मेरो व्यक्तिगत विवरण (CV) मा उल्लिखित सम्पूर्ण व्यहोरा सत्य र ठीक साँचो हो, फरक परेको छैन्।

मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको -

दस्तखतः

| दायाँ | बायाँ |
| --- | --- |
| | |